# भाग ३

## नेपाल सरकार

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको

## सूचना

### संवत् २०८२ सालको नियमावली (नेराप) नम्बर १२

### नेपाल गुणस्तर (प्रमाण-चिन्ह) (तेस्रो संशोधन) नियमावली, २०८२

नेपाल गुणस्तर (प्रमाण-चिन्ह) नियमावली, २०४० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल गुणस्तर (प्रमाण-चिन्ह) ऐन, २०३७ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "नेपाल गुणस्तर (प्रमाण-चिन्ह) (तेस्रो संशोधन) नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **नेपाल गुणस्तर (प्रमाण-चिन्ह) नियमावली, २०४० को नियम १२ मा संशोधनः** नेपाल गुणस्तर (प्रमाण-चिन्ह) नियमावली, २०४० (यसपछि "मूल नियमावली" भनिएको) को नियम १२ को सट्टा देहायको नियम १२ राखिएको छः-

"**१२. इजाजतपत्रको अवधि र नवीकरणः** (१) इजाजतपत्रको अवधि तीन वर्षको हुनेछ र तत् पश्चात् त्यस्तो इजाजतपत्र नवीकरण गराउनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) इजाजतपत्रवालाले इजाजतपत्रको अवधि समाप्त हुनु अगावै उपनियम (१) बमोजिम इजाजतपत्र नवीकरणको लागि परिषद्ले निर्धारण गरे बमोजिमको दस्तुर सहित कार्यालयमा दरखास्त दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको अवधिभित्र दरखास्त दिन नसक्ने इजाजतपत्रवालाले सोको कारण खुलाई देहाय बमोजिमको अवधिसम्मको लागि देहाय बमोजिमको थप दस्तुर बुझाई इजाजतपत्र नवीकरणको लागि कार्यालयमा दरखास्त दिन सक्नेछः-

(क) इजाजतपत्रको अवधि समाप्त भएको मितिले तिस दिनसम्मको लागि नवीकरण दस्तुरको पच्चिस प्रतिशत,

(ख) इजाजतपत्रको अवधि समाप्त भएको मितिले एकतिसौं दिनदेखि नब्बे दिनसम्मको लागि नवीकरण दस्तुरको पचास प्रतिशत।

(४) उपनियम (२) वा (३) बमोजिम दरखास्त प्राप्त भएमा कार्यालयले त्यस्तो इजाजतपत्रको अवधि समाप्त भएको मितिले तीन वर्षको अवधिको लागि इजाजतपत्र नवीकरण गरी दिन सक्नेछ।

(५) यस नियम बमोजिम नवीकरण नगरेको इजाजतपत्र त्यस्तो इजाजतपत्रको अवधि समाप्त भएपछि स्वतः रद्द हुनेछ।"

३. **मूल नियमावलीमा नियम १२क. थपः** मूल नियमावलीको नियम १२ पछि देहायको नियम १२क. थपिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"**१२क.** **<u>प्रमाणपत्रको अवधि र पुनः प्रमाणीकरणः</u>**

(१) प्रमाणपत्रको अवधि तीन वर्षको हुनेछ र तत् पश्चात त्यस्तो प्रमाणपत्र नवीकरण हुने छैन।

(२) उपनियम (१) मा जनुसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा १० को प्रयोजनको लागि लिएको प्रमाणपत्रको हकमा इजाजतपत्रवालाले उपनियम (१) बमोजिमको अवधि समाप्त हुनु अगावै त्यस्तो प्रमाणपत्र पुनः प्रमाणीकरण गराउनु पर्नेछ।

(३) ऐनको दफा १० को प्रयोजनको लागि लिएको प्रमाणपत्र बाहेक अन्य प्रमाणपत्रको हकमा इजाजतपत्रवालाले आवश्यकता अनुसार पुनः प्रमाणीकरण गराउन सक्नेछ।

(४) उपनियम (२) वा (३) बमोजिम प्रमाणपत्रको पुनः प्रमाणीकरणको अवधि तीन वर्षको हुनेछ ।"

४. **<u>मूल नियमावलीको अनुसूचीमा संशोधनः</u>** मूल नियमावलीको,-

(१) अनुसूची-३ को द्रष्टव्यको क्रमसङ्ख्या २ मा रहेका "कम्तीमा ३० दिन" भन्ने शब्दहरु झिकिएका छन्।

(२) अनुसूची-४ मा रहेका "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" भन्ने शब्द राखिएको छ।

**आज्ञाले,**

**कृष्ण बहादुर राउत**

**नेपाल सरकारको सचिव।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।